(स. २६३४ / ०७८।८।१६)

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : मं.बै./३२१/ 3000

मितिः २०७८/८/१३

सुरक्षा/प्रशासन

श्री सचिव,

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

कोभिड-१९ सम्बन्धी विषय म.प.बै.सं. ५५/०७८ मिति २०७८/८/१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

<u>नेपाल सरकारको निर्णय-</u>

१. केही दिन अघि अफ्रिकी मुलुकमा देखापरेको कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोन (Omicron) युरोप तथा एसियालगायतका मुलुकहरूमा क्रमिक रूपमा फैलिँदै गइरहेको सन्दर्भमा नेपालले पनि समयमै सावधानी अपनाई Omicron भेरियण्टलाई मुलुकभित्र प्रवेश हुनबाट रोकथाम गर्न र जनजीवनलाई सामान्य राख्ने उद्देश्यले अर्को आदेश नभएसम्मका लागि देहायअनुसार गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकारबमोजिम आदेश जारी गर्नेः

(क) कोभिड-१९ को नयाँ भेरियण्ट Omicron को सङ्क्रमण देखिएका दक्षिण अफ्रिका, बोत्सवाना, जिम्बाब्वे, नामिबिया, लेसोथो, इसवाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउने वा ती मुलुकलाई ट्रान्जिट बनाई नेपाल आउने वा गएको तीन हप्ताभित्र ती मुलुकको भ्रमण गरेका यात्रुहरूलाई मिति २०७८ मङ्सिर १६ गते राती १२:०० बजेदेखि नेपाल प्रवेश अनुमति नदिने। यो आदेश जारी हुँदाका बखत ट्रान्जिटमा रहेका सम्पूर्ण यात्रुहरू नेपाल आगमनपश्चात् आफ्नै खर्चमा अनिवार्य रूपमा सात दिन होटल क्वारेन्टिन (Quarantine) मा बस्नुपर्ने।

(ख) खण्ड (क) मा लेखिए बाहेकका अन्य मुलुकहरूको हकमा ती मुलुकहरूमा कोभिड-१९ को नयाँ भेरियण्ट Omicron को सङ्क्रमणको अवस्थाको आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जोखिमयुक्त मुलुकको पहिचान गरी सोको जानकारी अध्यागमन विभागलाई उपलब्ध

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

गराउने र अध्यागमन विभागले सोही आधारमा यात्रा सुझाव (travel advisory) जारी गर्ने। सङ्क्रमण जोखिम भएका मुलुकबाट नेपाल भ्रमणमा आउने यात्रुहरूलाई अन अराइभल (On Arrival) भिसा नदिने।

(ग) सङ्क्रमण जोखिम भएका मुलुकहरूबाट नेपाल भ्रमण गर्ने यात्रुहरूले आफ्नै खर्चमा अनिवार्य रूपमा सात दिन होटल क्वारेन्टिनमा बस्नुपर्ने। कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रले केन्द्रकै संयोजकत्वमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; गृह मन्त्रालय र सुरक्षा निकायसमेतको प्रतिनिधित्व हुने गरी एक कार्यटोली बनाई होटल क्वारेन्टिनको व्यवस्था गर्ने र सोको अनुगमन गर्ने। क्वारेन्टिन अवधिमा लक्षण देखिएमा तत्कालै र अन्य अवस्थामा सातौं दिनमा आर.टी. पी.सी.आर. (RT-PCR) विधिबाट परीक्षण गर्नुपर्ने। नतिजा पोजेटिभ भएका व्यक्तिहरूलाई तोकिएको आइसोलेसन केन्द्र वा अस्पतालमा पठाइने।

(घ) नेपाल प्रवेश गर्न भिसा आवश्यक पर्ने खण्ड (क) वा (ख) बमोजिमका मुलुक बाहेक अन्य मुलुकका विदेशी नागरिकलाई अध्यागमनसम्बन्धी प्रचलित कानूनबमोजिम अध्यागमन विन्दुमा प्रवेशाज्ञा दिने। त्यस्तो यात्रुले विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८ बमोजिमका अन्य कुराहरू पालन गर्नुपर्ने।

(ङ) कोभिड-१९ को नयाँ भेरियण्ट सङ्क्रमण विस्तार भइरहेको सन्दर्भमा नेपालमा पनि सम्भावित सङ्क्रमण पहिचान गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पोजेटिभ देखिएका यात्रुहरूमध्ये यात्राको विवरण (Travel History) भएका व्यक्तिहरूको नमूना सङ्कलन गरी जीन सिक्वेन्सिङ (Gene Sequencing) को लागि आवश्यक व्यवस्था मिलाउने र जीन सिक्वेन्सिङद्वारा परीक्षण गर्ने मौजुदा क्षमतालाई बढाउने।

(च) कोभिड-१९ को नयाँ भेरियण्ट सङ्क्रमणको जोखिम भएका मुलुकहरूमा नेपालबाट यात्रा गर्न योजना बनाएका व्यक्तिहरूले अति आवश्यक अवस्था बाहेक विदेश यात्रा नगर्न यात्रा सुझाव (Travel Advisory) जारी गर्ने। खण्ड (क) र (ख) बमोजिमका मुलुकमा नेपाल सरकारको पूर्व स्वीकृतिमा मात्र सरकारी कर्मचारी वा प्रतिनिधिमण्डललाई विदेश भ्रमण जान दिने।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

(छ) यस आदेशमा लेखिए बाहेकका अन्य कुराहरू विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८ बमोजिम हुने।

२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ विरुद्धको खोप सम्बन्धमा स्पष्ट रणनीति बनाउने र नेपाल सरकारबाट सबै नेपालीलाई निःशुल्क रूपमा कोभिड खोप उपलब्ध गराउने प्रतिबद्धता भए अनुरूप प्रतिदिन न्यूनतम २ लाख जनालाई खोप अनिवार्य रूपमा दिलाउने व्यवस्था मिलाउने।

३. प्रकरण १ का आदेशहरू अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थः</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np